नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
माघ/फाल्गुण २०६५ (February 2009) वर्ष १३/अंक १४३

## परमेश्वरले राख्नुभएको ठाउँमा
# सय गुणा कटनी

–प्रस्तुतिः डीकन सिमोन पाठक

सन् २००९ को जनवरी १३ तारिक तदनुसार २०६५ पौष २९ गते आदरणीय पाष्टर गुरूबा रोबर्ट कार्थकले नेइमका पूर्णकालिन सेवक/सेविकाहरूको प्रार्थना भेटघाटमा बाँड्नुभएको वचनको सारसंक्षेपः

वचन खण्डहरूः उत्पत्ति २६:१-५, योएल २:२८, उत्पत्ति १२:१८, २कोरिन्थी ५:७, यशैया ६:१-३, उत्पत्ति २६:१२-१६, २६-२८;उत्पत्ति २१:२२

***अब्राहामको समयमा परेको अनिकालबाहेक त्यस देशमा अर्को अनिकाल पनि पर्‍यो । तब इसहाक पलिश्तीहरूका राजा अबीमेलेककहाँ गरार देशमा गए । परमप्रभुले तिनीकहाँ देखा परेर तिनलाई भन्नुभयो, 'मिश्रमा नजा, तर मैले तँलाई भनेकै ठाउँमा बस् । त्यही ठाउँमा बसोबास गर्, र म तँसँग रहनेछु, र तँलाई आशिष् दिनेछु, किनकि मैले तेरो बाबु अब्राहामसँग शपथ हालेर दिएको प्रतिज्ञा म पूरा गरेर तँलाई र तेरा सन्तानलाई यी नै देशहरू दिनेछु । तेरा सन्तानलाई आकाशका ताराहरूझैं बढाउनेछु, र तिनीहरूलाई यी सबै देश दिनेछु । तेरै सन्तानहरूद्वारा संसारका सबै जातिहरूले आशिष् पाउनेछन्, किनभने अब्राहामले मेरो वचन पालन गर्‍यो, र मैले दिएका आदेशहरू, मेरा आज्ञाहरू, मेरा नियमहरू र मेरा विधिविधानहरूको प्रतिपालन गर्‍यो'*** (उत्पत्ति २६:१-५) ।

अब्राहामले वचन पालन गरेको कारण उसको छोरा इसहाकले आशिष् पायो (पद २) । योएल अगमवक्ताद्वारा परमेश्वरले ***'आफ्नो आत्मा सबै मानिसमाथि खन्याउनेछु र तिनीहरूका छोराछोरीहरूले अगमवाणी बोल्नेछन्'*** भन्ने प्रतिज्ञा गर्नुभयो । परमेश्वरले आफ्नो आत्मा मानिसहरूमाथि खन्याउनुभयो र तिनीहरूका छोराछोरीहरूले अगमवाणी बोले । यदि हामीले परमेश्वरको वचन पालन गर्‍यौं भने हामीले मात्र आशिष् पाउने होइन हाम्रा सन्तानमाथि पनि आशिष् पर्नेछ ।

अब्राहामको समयमा परेको अनिकाल जस्तै इसहाकको समयमा पनि अनिकाल पर्‍यो । अनिकाल परेको समयमा अब्राहाम मिश्रदेश गएका थिए । इसहाकले पनि अनिकालको समयमा मिश्रमा जाने विचार गर्‍यो । अनिकालको समयमा जहाँ अन्न पाइन्छ त्यहाँ जानु स्वाभाविक नै थियो तर परमेश्वरले इसहाकलाई मिश्रमा जाने अनुमति दिनुभएन । इसहाकको निम्ति मिश्रमा जान नपाउनु गाह्रो कुरा थियो । किनकि सबैजना अनिकालबाट बाँच्न मिश्रमा गइराखेका थिए तर परमेश्वर इसहाकलाई नजा भन्ने आज्ञाको साथ-साथै प्रतिज्ञा पनि दिनुभएको थियो- ***"म तँसँग रहनेछु"*** ।

नेपाल देशको अवस्थालाई विचार गर्दा यो देशमा रहनु कुनै आशा छैन । सबैको मुखमा नकारात्मक भाषा मात्र छ किनकि यस्तै निरास-हतासका कुराहरू मात्र देखिरहेका छौं । कानले सुनिरहेका छौं । यसैले जे देख्छौं, सुन्छौं त्यही कुराहरू नै बोली पठाउँछौं तर हाम्रो आशा परमेश्वर नै हुनुहुन्छ । हाम्रो लागि अनि देशको लागि आशा छ किनकि हामी दृष्टिले होइन तर विश्वासद्वारा जिउने मानिसहरू हौं । संसारको भाषामा सबै कुरा छैन तर परमेश्वरका मानिसहरूको निम्ति सबै कुरा छ । हाम्रो निम्ति के छ होइन तर हामीसँग को हुनुहुन्छ सो महत्त्वपूर्ण हो । परमेश्वर हामीहरूसँग हुनुहुन्छ । उजाड-स्थानमा चालीस वर्षसम्म परमेश्वर इस्राएलीहरूको साथमा दिनमा बादलको खाँबो र रातमा आगोको ज्वाला बनेर रहनुभयो । ***परमेश्वर हाम्रो असल गोठालो हुनुहुन्छ । हामीलाई कुनै कुराको घटी हुँदैन (भजनसंग्रह २३:१) ।***

यसैले हामी दृष्टिले होइन विश्वासद्वारा हिँड्नु पर्दछ । विश्वासद्वारा जिउनेहरूले मात्र परमेश्वरको महिमा देख्न सक्छन् । उज्जियाह राजा मरेको वर्षमा यशैयाले परमेश्वरको महिमालाई देखे । स्वर्गदूतहरूले पृथ्वीमा हेर्दा सारा पृथ्वी परमेश्वरको महिमाले भरिपूर्ण भएको देखे । ***अनि एउटाले अर्कालाई यसो भन्दै तिनीहरू पुकार्दैथिए: "सर्वशक्तिमान् परमप्रभु, पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ " (यशैया ६:३) ।***

स्वर्गदूतहरू परमेश्वरको उपस्थितिमा छन् । स्वर्गबाट पृथ्वीमा हेर्दा परमेश्वरको महिमा मात्र देख्छन् । हामीले यो देशमा रहेर परमेश्वरको महिमा देख्नु हो भने हामी स्वर्गदूतले जस्तै परमेश्वरको उपस्थितिमा रहनुपर्दछ । हामी स्वर्गदूत जस्तै मानिस भएरै स्वर्गमा जान सक्दैनौं तर पृथ्वीमा रहेकै समयमा नै परमेश्वरको उपस्थिति भएको ठाउँमा जान सक्छौं । माथिका कुराहरू खोजी गर्न सक्छौं । यदि हाम्रो हेराई तलका कुरामा मात्र छ, परमेश्वरको उपस्थिति भएको ठाउँमा उक्लेर जान सकेनौं भने हामीले संसारका घटी, कमी, समस्या, कष्ट मात्र देख्छौं । स्वर्गदूतहरू जस्तै परमेश्वरको उपस्थितिमा रहचौं भने मात्र यो पृथ्वीमा परमेश्वरको महिमाले भरिपूर्ण भएको देख्न सक्छौं । लाजरसको मृत्युको समयमा मार्थालाई प्रभुले भन्नुभयो, ***"विश्वास गर्‍यौ भने तिमीले परमेश्वरको महिमा देख्नेछौ ।"*** शरीरको आँखाले हेर्दा मार्थाले मृत्युमात्र देख्न सकेकी थिई । विश्वासको आँखाले हेरेर पुनरूत्थान-परमेश्वरको महिमा देख्न बाँकी नै थियो ।

परमेश्वरले इसहाकलाई अनिकाल परेको देशमा नै बसोबास गर्नलाई भन्नुभयो । सबैजना मिश्रमा अन्न भएको ठाउँमा गइराखेको समयमा इसहाकलाई परमेश्वरले ***'नजा'*** भन्नुभयो । परमेश्वरका मानिसहरू संसारका मानिसहरू जस्तै मिश्रमा अन्न छ भनेर जानेहरू हुनुहुँदैन । परमेश्वरले ***'बस्'*** भनेको ठाउँमा रहनुपर्छ । तब मात्र हामीले आशिष् पाउन सक्छौं । जिउँदा माछाहरू खोलाको बहाउको विपरीत धारतिर पनि उफ्रन सक्छन् । तर मरेका माछाहरू खोलाको पानी जता बगिरहेको छ त्यतैतिर बग्छन् ।

इसहाकले परमेश्वरको आज्ञा पालन गरेर परमेश्वरले ***'बस्'*** भनेको ठाउँमा रहेको कारण अनिकालको समयमा पनि सय गुणा कटनी गरेका थिए (उत्पत्ति २६:१२) । उनी धनी मात्र होइन अत्यन्तै धनी भएका थिए (उत्पत्ति २६:१३) । हामी परमेश्वरले राख्नुभएको ठाउँमा बस्यौं भने

देशको अवस्था बिग्रिराखेकै समयमा सय गुणा कटनी गर्नेछौं । हाम्रो उन्नति हुनेछ । तर हामीले बीउ छर्ने काम गर्दै जानुपर्छ । तब मात्र हामी परमेश्वरको आशिष् देख्न सक्नेछौं ।

परमेश्वरले दिनुभएको आशिष् इसहाकले मात्र होइन अरूहरूले पनि देखे । अबीमेलेक र उनको साथमा हुने मानिसहरूले इसहाकलाई भने, ***"हामीले प्रष्टै देख्यौं कि परमप्रभु तपाईंसँग हुनुहुन्छ"*** परमेश्वर इसहाकसँग हुनुभएको अन्यजाति राजाले पनि देख्न सके । यदि हामी परमेश्वरले राख्नुभएको स्थानमा रहयौं भने उहाँका आशिषहरू अरू मानिसहरूले पनि देख्न सक्छन् । परमेश्वरका आशिषहरू हामीमा भएको देखेर कति मानिसहरूको आँखा जल्न पनि सक्छन् । इसहाकलाई परमेश्वरले दिनुभएको आशिष् देखेर पलिश्तीहरूले डाह गरेका थिए । यूसुफलाई उनको पिता याकूबले रङ्गीचङ्गी वस्त्र पहिराएको कारण उनका दाजुहरूले पनि आरिस गरेका थिए तर यूसुफले दाजुहरूको आँखा जल्यो भनेर बाबुले दिएको वस्त्र फुकालेर थन्क्याएनन् । हामीमा परमेश्वरको आशिष् देखेर मानिसहरूले डाह पनि गर्न सक्छन् तर अरूले डाह गरे भन्दैमा परमेश्वरका आशिषहरू लुकाउनुहुँदैन । परमेश्वरको काम र उहाँको आशिष्मा दिन दिनै बढ्दै जानुपर्छ । इसहाकले अनिकालको समयमा मिश्रमा जान चाहेको थियो तर परमेश्वरको इच्छा गरारमा नै रहनु थियो । उनले आफ्ना पिता अब्राहामले जस्तै परमेश्वरको आज्ञा पालन गरे र अनिकालको समयमा नै बालीनाली लगाए । फलस्वरूप सत्प्रतिशत मात्र होइन तर सय गुणा कटनी गर्न पनि सफल भए । नेपाल देशको प्रतिकूल अवस्थालाई देखेर मिश्रमा जानेहरू हामी नबनौं तर परमेश्वरको इच्छा बुझेर उहाँको उपस्थितिको खोजी गर्ने र सय गुणा कटनी गर्ने परमेश्वरका छोराछोरीहरू हामी बन्न सकौं । ***परमप्रभुमा भरोसा राख र भलाइ गर, त्यसरी देशमा रहेर सुरक्षाको उपभोग गर्नेछौ । परमप्रभुमा आनन्दित होऊ, र उहाँले तिम्रो मनोरथ पूर्ण गर्नुहुनेछ (भजनसंग्रह ३७:३-४) ।***

## प्रार्थनाका विषयहरू

१. फाल्गुण ७-९ गते/फरवरी १८-२० ता. बुधबारदेखि शुक्रबारसम्म पूर्व नेपाल दमक, ज्योति मण्डलीको सम्मेलनमा साथै फाल्गुण १४-१६/फरवरी २५-२७ ता. बुधबार-शुक्रबारसम्म भुटानको राजधानी थिम्पुको मण्डलीमा वचनको सेवकाईको लागि आदरणीय पाष्टर गुरूबा जाँदैहुनुहुन्छ । उहाँको यात्रा र सेवकाईको लागि विशेष प्रार्थना गरिदिनुहुन अनुरोध छ ।

२. नेइमअन्तर्गतका मण्डलीहरू ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबूँ पनौती, नगरकोट, जहरसिंह पौवा, सिर्जनानगर,गाम्छा, रानीपौवा, गुर्जुधारा मण्डलीहरूको सेवा संगतिहरू यस वर्ष अझै आशिषित् हुन सकून् भनी प्रार्थना गरौं ।

३. नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीहरू साथै देशभित्र, देशबाहिर मिशनरी भएर सेवकाईको लागि जानुभएकाहरूको सेवकाई, मण्डली साथै संगति झुण्डहरूको लागि प्रार्थना गरिदिऔं ।

४. देशको राजनैतिक, सामाजिक, आर्थिक, भौतिक, सम्पूर्ण क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नति, प्रगति भएको होस् साथै देशमा देखिएको गरिबी, चोरी, डकैती, लुटपाट, हत्या, अपहरण यी कुराहरूको विरूद्धमा प्रार्थना गरौं ।

## जानकारी

आत्तरखेल बस्नुहुने जोरपाटी मण्डलीको सदस्य **श्री सूर्य बहादुर मुनिकार** ४५ वर्षको उमेरमा २०६५ पौष १४ गते/२००८ डिसेम्बर २९ ता. सोमबार प्रभुमा सुत्नुभयो ।

## जानकारी

क. उपत्यकाभित्र रहेका नेइमका एघार वटा मण्डलीहरूको संयुक्त ख्रीष्टमस सेवा ज्ञानेश्वर मण्डलीमा बिहान ११:००-१:०० बजेसम्म सम्पन्न भयो । उक्त दिन अपरान्ह ३:००-४:३० बजेसम्म मण्डलीमा विविध कार्यक्रमद्वारा ख्रीष्टमसको उत्सव मनाइएको थियो । उक्त समयमा नेपालका सम्मानानिय **राष्ट्रपति श्री डा. रामवरण यादव**को पनि उपस्थिति थियो । राष्ट्रपतिले धर्म निरपेक्षको बारेमा आफ्ना केही विचारहरू राख्नुभएको थियो । नेइमको निम्ति ख्रीष्टमसको बिहान र दिउँसोका दुवै सेवाहरू अतिनै आशिषमय भएको थियो ।

ख. नेइम ललितपुर, धोबिघाट मण्डलीमा पौष १२ गते/डिसेम्बर २७ ता. शनिबार श्री सुमन खड्गी र श्रीमती रीना खड्गीलाई मुम्बईमा मिशनरी भएर सेवाकाई गर्नको निम्ति प्रार्थना गरियो । उहाँहरू मुम्बईको ईन्टर मिशनको सुपरिवेक्षणमा सेवकाई गर्नुहुनेछ ।

ग. माघ ५ गते/जनवरी १८ ता. आइतबार नेइम बाल संगतिका शिक्षक/शिक्षिकाहरूको एक दिने रिट्रीट नेइम ज्ञानेश्वर मण्डली सम्पन्न भयो । उक्त रिट्रीटमा ९० जना शिक्षक/शिक्षिकाहरूको सहभागिता थियो ।

घ. नेइम गोंगबु मण्डलीबाट एल्डर बर्णबास श्रेष्ठका साथ १३ जना जवानहरू माघ ६-१० गते/जनवरी १९-२३ ता. सम्म रसुवा गडी टिमुरे गाउँमा सुसमाचार प्रचारको लागि साथै नेपाल तिब्बतको सिमानामा गई प्रार्थना गरियो ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ८:०० र ११:०० बजे | ज्ञानेश्वर |
| | शनिबार | बिहान १०:०० र १२:०० बजे | ललितपुर |
| | शनिबार | बिहान १०:३० बजे | जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा, सिर्जनानगर भक्तपुर र रानीपौवा |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा दुईपल्ट | ज्ञानेश्वर, ललितपुर, जोरपाटी र गोंगबूँ |
| | | महिनामा एकपल्ट | सिर्जनानगर भक्तपुर |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | सोमबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, जोरपाटी, नाङलेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ र पनौती |
| | मंगलबार | बिहान ६:१५ बजे | धापासी र बौद्ध-बज्रनगर, सिर्जनानगर भक्तपुर |
| | बुधबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैंसेपाटी |
| | बिहीबार | बिहान ६:१५ बजे | गोंगबूँ |
| | शुक्रबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी र गाम्छा |

## शनिबार आराधना सेवामा वचन बोल्नेहरुको नामावली

| मिति | ज्ञानेश्वर | ललितपुर | जोरपाटी | गोंगबूँ | पनौती | नगरकोट | जहरसिंह पौवा | सिर्जनानगर | गाम्छा | गुर्जुधारा | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| फागुन ३ गते, फरवरी १४ ता. | एल्डर सलोन कार्थक | एल्डर एल.पी. न्यौपाने | एल्डर महेश थाँजु | पाष्टर रोबर्ट कार्थक | एल्डर दफ्तन सादा | श्रीमती रश्मिला तामाङ्ग | एल्डर प्रेम श्रेष्ठ | एल्डर अशोक मुखिया | श्रीमती रूषमाया लामा | डीकन श्यामकृष्ण रंजित | श्री अनुप ढुङ्गेल |
| फागुन १० गते, फरवरी २१ ता. | एल्डर महेश थाँजु | श्री उदय लामा | एल्डर प्रेम श्रेष्ठ | एल्डर राजेन्द्र रोंगोंग | डीकनेस् श्रीलक्ष्मी सैंजु | डीकन पूर्ण सुनुवार | डीकन दानियल सापकोटा | डीकन सिमोन पाठक | संयुक्त सेवा जोरपाटी चर्च | एल्डर रोल्याण्ड रोंगोंग | श्रीमती सारा लिम्बु |
| फागुन १७ गते, फरवरी २८ ता. | एल्डर सामुएल कार्थक | एल्डर राजेन्द्र रोंगोंग श्री बुद्धि बज्राचार्य | एल्डर एल.पी. न्यौपाने | एल्डर महेश थाँजु | डीकन रूबेन श्रेष्ठ | एल्डर अशोक मुखिया | डीकन गोपी राई | श्री जेम्स राई | डीकन दानियल सापकोटा | श्री भीम खालिङ | श्री निरज बोहोरा |
| फागुन २४ गते, मार्च ७ ता. | पाष्टर रोबर्ट कार्थक | एल्डर दफ्तन सादा | एल्डर एस.सोदेम्बा | एल्डर एल.पी.न्यौपाने | श्री सिमोन भण्डारी | संयुक्त सेवा ज्ञानेश्वर चर्च | श्री दिप राई | संयुक्त सेवा ज्ञानेश्वर चर्च | एल्डर प्रेम श्रेष्ठ | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा गोंगबूँ चर्च |

## जानकारी

सूचना साथै मण्डलीका विविध कार्यक्रमका फोटोहरू साथै आदरणीय पास्टर गुरूबा रोबर्ट कार्थकले बोल्नुभएको प्रवचनहरू www.nepalisaimandali.org मा हेर्नसक्नुहुनेछ साथै आदरणीय पास्टर गुरूबा रोबर्ट कार्थकले विभिन्न विषयहरूमा बोल्नुभएको प्रवचनका क्यासेटहरू खीष्टयान भजन, गीतका सि.डि., क्यासेटहरू र बाइबल चाहिएमा मण्डली अफिसमा डीकन रत्नमान महर्जनलाई सम्पर्क राख्नुहुन जानकारी गराउँदछौं ।

## हार्दिक बधाई



श्री प्रदेश खालिङ
र
सुश्री केलिना कार्थक



श्री सर्वोजित तामाङ
र
सुश्री नन्तु तामाङ



श्री लोक गुरूङ
र
सुश्री परीना क्षेत्री

पवित्र वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## पुना नेपाली सुसमाचारीय सांस्कृतिक कार्यक्रम

भारतको पुना नेपाली चर्चको आयोजनामा सन् २००८ को डिसेम्बर २६ ता. तदनुसार पौष ११ गते २०६५ का दिन पुनामा रहेका नेपालीहरूलाई मुक्तिदाता येशूमा पाइने अनन्त जीवनको सन्देश पुऱ्याउने उद्देश्यले मिशनरी प्रदिप र फिलोमिना बज्राचार्यले सुसमाचारीय साँस्कृतिक कार्यक्रमको आयोजना गर्नुभएको थियो । यस कार्यक्रमको निम्ति मण्डलीबाट एल्डर अशोक मुखिया, डीकन सिमोन पाठक र श्रीमती रीना पाठक जानुभएको थियो भने भारतको सिलगुढीबाट टि.एम.सी.जे.नाटच सेवकाईका निर्देशक कर्मु लामा महत र उहाँका सहयोगीहरू गरेर १२ जनाको टोली पनि आउनभएको थियो ।

टि.एम.सी.जे.का भाइ बहिनीहरूले विविध भेषभूषामा नृत्य, गीतहरू र नाटकद्वारा उपस्थित करिब चार सय नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूलाई मग्न गराएका थिए भने परमेश्वर को वचन सुनेर प्रतिक्रिया जनाउँदै केही व्यक्तिहरूले प्रभु येशूलाई आफ्नो मुक्तिदाता भनेर ग्रहण पनि गरेका थिए ।

सुसामाचारीय कार्यक्रम सफल बनाउनको निम्ति मण्डलीले गरेको प्रार्थना, दिएको भेटी र अन्य सहयोगको लागि प्रदिप र फिलोमिना बज्राचार्यबाट मण्डलीलाई कृतज्ञता व्यक्त गर्नुभएको छ । प्रार्थना गरौं आउँदा दिनमा पुना नेपाली चर्च अझै बढ्दै जान सकून् साथै त्यहाँ बसोबास गर्ने सम्पूर्ण नेपालीहरूलाई प्रभुमा जित्न सकून्।

## विविध जानकारी

पुना सुसमाचारीय कार्यक्रम र पुना नेपाली चर्चका विश्वासीहरूसँग शिक्षा, संगति पश्चात् एल्डर अशोक मुखिया, डीकन सिमोन पाठक र श्रीमती रीना पाठकले मुम्बईमा सेवारत मिशनरी जेम्स र सेल्भी नेपाली साथै परिवारलाई भेटघाट गर्नुभयो । मिशनरी जेम्स र सेल्भीले टिन च्यालेन्ज अन्तरगत रेड लाइट क्षेत्रमा कार्य गर्दै आउनुभए तापनि आइतबार र बुधबारका दिन झुपड बस्ती र सलम् क्षेत्रमा दुईवटा संगति झुण्डहरूमा पनि अगुवाई गर्दै आउर्नुभएको छ । मुम्बईको भेटघाट र संगति पनि आशिषमय बन्न पुग्यो । प्रार्थना गरौं आउँदा दिनमा ती संगति झुण्डहरू बढ्दै जान सकोस् ।

पुना र मुम्बईको भेटघाट, संगतिका साथै मण्डली विधि सञ्चालनको निम्ति मिशनरीहरूलाई एल्डर अशोक मुखियाले स्थानीय संगतिको उपस्थितिमा श्री प्रदिप बज्राचार्यलाई सन् २००८ को डिसेम्बर २७ तारिख र श्री जेम्स नेपालीलाई सन् २००९ को जनवरी ४ ता. अगुवा अभिषेक गर्ने कार्य पनि सम्पन्न गरियो ।

प्रकाशक: नेइम [illegible], पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं ४४१४८८९/४४१२७१८ email:nim@wlink.com.np, www.nepalisaimandali.org

## दैनिक प्रार्थनाका विषयहरू

| | | | | |
|---|---|---|---|---|
| **आइतबार SUNDAY** | **२६ 8** विभिन्न देश, विदेशमा रोजगार, अध्ययनको सिलसिलामा गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् । २ कोरिन्थी ५:१४-२१ | **४ 15** नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिउन र प्रभुलाई महिमा दिन सकून् । एफिसी ५:१-२ | **११ 22** नेपाल देशका सबै जिल्लाहरूमा सुसमाचार फैलिएर जान सकून् र धेरै नेपालीहरू प्रभुको राज्यमा आउन सकून् । १ तिमोथी २:१-८ | **१८ March 1** नेपालका सबै मण्डलीहरू बीच एकता आएको होस् र आवश्यकता परेको समयमा एकअर्कालाई प्रेममा सहायता पुऱ्याउनेहरू हुन सकून् । भजनसंग्रह १३३:१ |
| **सोमबार MONDAY** | **२७ 9** बिहानको प्रार्थना सभा साथै मण्डलीका अन्य प्रार्थना सभाहरूमा प्रार्थना गर्नको लागि पवित्र आत्माको सहायता मागौं । रोमी ८:२६-२७ | **५ 16** मण्डली परिवार परमेश्वरको पवित्रतामा अझै बढ्दै जान सकोस् । १ पत्रुस २:१५-१६ | **१२ 23** नेइम अन्तर्गतका मण्डलीहरूमा संख्यात्मक वृद्धिको साथसाथै प्रभुमा पाको, बलियो मण्डली बनिँदैजान सकौं । १ कोरिन्थी ३:१-३ | **१९ 2** परमप्रभुले प्रतिज्ञा गर्नुभएको कुराहरू पूरा हुनको लागि मण्डलीको विश्वास परमप्रभुमाथि अझै बढेर गएको होस् । हिब्रू ११:१ |
| **मंगलबार TUESDAY** | **२८ 10** पूर्णकालिन सेवक/सेविकाहरू मण्डली निर्माणको काममा पूर्णरूपमा लागिपर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं । १ तिमोथी १:१२ | **६ 17** मण्डली परिवारहरू सधैं एकअर्कालाई वास्ता गर्ने, प्रेम गर्ने र मेलमिलापमा सधैं रहिरहनेहरू हुन सकून् । कलस्सी ३:१२-१७ | **१३ 24** ख्रीष्टको नाउँको खातिर दु:ख, कष्ट भोगिरहेकाहरूको निम्ति बल, साहस साथै स्थिर रहनको निम्ति परमेश्वरको अनुग्रह मागिदिऔं । प्रेरित ४:२३-३१ | **२० 3** हामीलाई प्रभुले जुन उद्देश्यले चुन्नुभएको छ, सो उद्देश्यलाई हामी सबैले विश्वासयोग्यताका साथ पूरा गर्न सकौं । एफिसी १:११ |
| **बुधबार WEDNESDAY** | **२९ 11** भोलि हुने महिला उपवास प्रार्थना सभाहरूमा चढाएको प्रार्थनाद्वारा परिवार-परिवारमा अझ धेरै आशिष् आउन सकून् । यशैया ५५:६-११ | **७ 18** घरेलु संगतिका क्षेत्रहरू अझै बढेर फैलिएर जान सकून् र अगुवाई गर्नको लागि बोझ र दर्शन पाएका अगुवाहरू पनि तयार हुन सकून् । यशैया ५४:२-३ | **१४ 25** मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् । प्रकाश ३:१५-१६ | **२१ 4** भारतको मुम्बई, पुना र अन्य कति ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं । यर्मिया ३१:४, ११ र १६ |
| **बिहीबार THURSDAY** | **१ फागुन 12** मण्डलीले यस वर्ष पनि परमेश्वरको योजनालाई बुझेर त्यसअनुसार आज्ञाकारी भई प्रभुको उपस्थितिसँगै हिँड्न सकून् । यहोशू १:९ | **८ 19** सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाई गरिराख्नुभएका साथै विभिन्न व्यापार, व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् । हितोपदेश ११:१ | **१५ 26** मण्डलीको परिवारहरूले परमेश्वर पितालाई आफ्नो परिवारमा सधैं पहिलो स्थान दिन सकून् र प्रत्येक परिवारमा पारिवारिक वेदी ननिभेको होस् । प्रेरित १०:१-२ | **२२ 5** बाल संगतिका प्रत्येक बाल बालिकाहरूको आत्मिक जीवनको साथै पढाई, स्वास्थ्य, सुरक्षा जस्ता सबै क्षेत्रमा प्रशस्त आशिष मागिदिऔं । यशैया ६१:८-९ |
| **शुक्रबार FRIDAY** | **२ 13** सबै परिवारहरूमा आमा-बाबु र छोराछोरीबीचको सम्बन्ध प्रेम, मेलमिलाप र समझदारीमा बढ्दै जान सकून् । कलस्सी ३:१८-२१ | **९ 20** मण्डलीका यहोवा यीरे जवानहरू धार्मिकता, विश्वास, प्रेम र शान्तिको पछि लाग्नेहरू हुन सकून् । २ तिमोथी २:२२ | **१६ 27** मण्डलीका सबै विश्वासीहरू प्रभुमा अझै परिपक्व र व्यावहारिक हुँदै जान सकून् । कलस्सी १:१० | **२३ 6** विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाई मागिदिऔं । २ कोरिन्थी २:१४-१७ |
| **शनिबार SATURDAY** | **३ 14** शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू मण्डलीको कार्यक्रम नभएर आत्मिक रूपमा बढ्दै जाने सेवा संगति हुन सकून् । मत्ती ६:१-४ | **१० 21** मण्डलीले परमप्रभुमा चढाइने प्रार्थना, भेटी, प्रशंसा सबै उहाँको महिमाको लागि अझै इमान्दारितामा गरिँदै जान सकौं । २ कोरिन्थी ९:६ | **१७ 28** आज नेपाल देशभरि हुने आराधना सेवाहरूमा पवित्र आत्मा परमेश्वरको गहिरो काम मण्डलीको जीवनमा मागौं । प्रेरित २:४६-४७ | **२४ 7** आजको आराधना सेवामा प्रचारिएको वचनद्वारा मण्डलीको आत्मिक स्तरमा वृद्धि आएको होस् । कलस्सी २:६-८ |

'मलाई पुकार्, र म तँलाई जवाफ दिनेछु र तैंले नजानेका गहिरा र गुप्त कुराहरू म तँलाई बताउनेछु ।'

**यर्मिया ३३:३**

किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ । ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई ।

**यर्मिया २९:११**